# रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)
## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं.४।०६६।६७

प्रथम पटक प्रकाशित मिति २०६७।०२।०५

यस समितिको केन्द्रीय कार्यालय र अन्तर्गत कार्यालयमा २०६६ असारमसान्तसम्म रिक्त रहेका देहायका पदहरु खुला र समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पूर्ति गर्नु पर्ने भएको हुंदा निम्न बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट समितिद्वारा निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०६७।०३।०३ गतेसम्ममा दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त दिने अन्तिम मितिको भोलिपल्टदेखि ७ (सात) दिन भित्र दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । म्याद नाघी प्राप्त भएका वा रीत नपुगेका दरखास्त उपर कुनै कारवाही गरिने छैन । सम्बन्धित उम्मेदवारहरुले दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मितिभित्र समितिको प्रशासन महाशाखा, क्षेत्रीय प्रसारण केन्द्र तथा ट्रान्समिटिङ्ग स्टेशनहरुमा बुझाउन सकिने छ । परीक्षा दस्तुर वापतको रकम यस समितिको आर्थिक महाशाखा वा प्रसारण केन्द्रहरुमा बुझाई त्यसको सक्कल भौचर पेश गर्नु पर्नेछ । परीक्षा कार्यक्रम पछि प्रकाशित गरिने छ ।

दरखास्त फाराम यस समितिको **Website: www.radionepal.org** बाट समेत डाउनलोड गर्न सकिनेछ ।

दरखास्तसाथ संलग्न हुनु पर्ने कागजातहरु

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि

(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

(घ) अनुभवको प्रमाणपत्रको प्रतिलिपि

(ङ) विदेशी शैक्षिक संस्थाबाट प्राप्त प्रमाणपत्रका हकमा समितिको कर्मचारी सेवा शर्त नियमालीको नियम ६४(५) बमोजिम प्रमाणित गराई सम्पूर्ण कागजात पेश गनु पर्नेछ ।

समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरु:

(१) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमूखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(२) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(३) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

(४) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(५) पिछडिएको क्षेत्रका हकमा जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउं विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।

# आवश्यक पदको विवरण

| | |
|---|---|
| वि.नं.१।०६६।६७<br>पद: ईन्जिनीयर (इलेक्ट्रोनिक्स)<br>तह: ७<br>सेवा: ईन्जिनियरिङ्ग<br>समूह: ईन्जिनियरिङ्ग<br>पदसंख्या: २ (खुला)<br>कार्य गर्नु पर्ने स्थान: दिपायल, धनकुटा,<br>परीक्षा दस्तुर: रु.६५०।<br>प्रतियोगिताको किसिम: लिखित तथा अन्तर्वार्ता ।<br>परीक्षा केन्द्र: सिंहदरबार, काठमाडौं<br>उमेर: २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।(महिलाको हकमा ४० वर्ष ननाघेको)<br>आवश्यक न्यूनतम शैक्षिक योग्यता:<br>B.E. in Electronics **or** Communication **or** Electronics & Communication **or** Electrical & Electronics **or** Radio Engineering र नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको । | वि.नं.२।०६६।६७<br>पद: ईन्जिनीयर (इलेक्ट्रोनिक्स)<br>तह: ७<br>सेवा: ईन्जिनियरिङ्ग<br>समूह: ईन्जिनियरिङ्ग<br>पदसंख्या: १ (महिला)<br>कार्य गर्नु पर्ने स्थान: वर्दिवास<br>परीक्षा दस्तुर: रु.६५०।<br>प्रतियोगिताको किसिम: लिखित तथा अन्तर्वार्ता ।<br>परीक्षा केन्द्र: सिंहदरबार, काठमाडौं<br>उमेर: २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।(महिलाको हकमा ४० वर्ष ननाघेको)<br>आवश्यक न्यूनतम शैक्षिक योग्यता:<br>B.E. in Electronics **or** Communication **or** Electronics & Communication **or** Electrical & Electronics **or** Radio Engineering र नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको । |
| वि.नं.३।०६६।६७<br>पद: वरिष्ठ प्राविधिक सहायक<br>तह: ५<br>सेवा: ईन्जिनियरिङ्ग<br>समूह: प्राविधिक<br>पदसंख्या: ४ (खुला)<br>कार्य गर्नु पर्ने स्थान: दीपायल, सुर्खेत,<br>परीक्षा दस्तुर: रु.२५०।<br>प्रतियोगिताको किसिम: प्रयोगात्मक परीक्षा, लिखित तथा अन्तर्वार्ता ।<br>परीक्षा केन्द्र: सिंहदरबार, काठमाडौं<br>उमेर: १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।(महिलाको हकमा ४० वर्ष ननाघेको)<br>आवश्यक न्यूनतम शैक्षिक योग्यता:<br>इलेक्ट्रोनिक्स वा कम्प्यूटर ईन्जिनियरिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण । | वि.नं.४।०६६।६७<br>पद: वरिष्ठ प्राविधिक सहायक<br>तह: ५<br>सेवा: ईन्जिनियरिङ्ग<br>समूह: प्राविधिक<br>पदसंख्या: ४ (महिला १, आदिवासी/जनजाती १, मधेशी १, दलित १)<br>कार्य गर्नु पर्ने स्थान: खुमलटार, सुर्खेत, पोखरा<br>परीक्षा दस्तुर: रु.२५०।<br>प्रतियोगिताको किसिम: प्रयोगात्मक परीक्षा, लिखित तथा अन्तर्वार्ता ।<br>परीक्षा केन्द्र: सिंहदरबार, काठमाडौं<br>उमेर: १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।(महिलाको हकमा ४० वर्ष ननाघेको)<br>आवश्यक न्यूनतम शैक्षिक योग्यता:<br>इलेक्ट्रोनिक्स वा कम्प्यूटर ईन्जिनियरिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण । |

सचिव<br>
पदपूर्ति समिति<br>
रेडियो नेपाल ।